# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४५


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८१ सालको अध्यादेश नं. ०३**

## <u>सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश</u>

**प्रस्तावनाः** सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश,२०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा संशोधनः</u>** गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "गैरआवासीय नेपाली" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः-

(१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति,

(२) नेपाली मूलको विदेशी नागरिक,

(३) विदेशमा बस्ने नेपाली नागरिक।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति" भन्नाले कानून बमोजिम गैरआवासीय नेपाली नागरिकताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।”

(२) दफा ११ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा निशुल्क उपलब्ध गराइनेछ।”

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

“(१क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्ष अवधिको बहुप्रवेश सुविधा सहितको आवासीय भिसा निशुल्क उपलब्ध गराइनेछ।”

३. **<u>सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः</u>** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(च१) "नागरिक एप" भन्नाले दफा ३७क. बमोजिमको नागरिक एप सम्झनु पर्छ।"

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>नेपाल सरकारबाट कार्य सम्पादन भएको मानिनेः</u> (१) प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भए बमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरे बमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिनेछः-

(क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनी उल्लेख भएका विषय,

(ख) नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु पर्ने विषय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन गरिने कुनै विषयको सम्बन्धमा अन्य कुनै कानून वा नेपाल सरकारको कार्यसम्पादन नियमावलीले कुनै अधिकारीलाई जिम्मेवारी तोकेको रहेछ भने त्यसरी जिम्मेवारी तोकिएको हदसम्म यस दफा बमोजिम अधिकार प्रत्यायोजन गर्नु पर्ने छैन।"

(३) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र" भन्ने शब्दहरुको सट्टा "निर्णय गर्नु पर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात कार्यदिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन्:-

"(४) यस दफा बमोजिम निर्णय नगर्ने वा आफुले निर्णय गर्नुपर्ने विषय निर्णय नगरी पन्छाउने पदाधिकारीलाई देहाय बमोजिमको अधिकारीले चेतावनी दिन सक्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कार्यालयका कर्मचारीलाई कार्यालय प्रमुखले,

(ख) कार्यालय प्रमुखलाई विभागीय प्रमुखले,

(ग) विभागीय प्रमुखलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको सचिवले,

(घ) सचिवलाई मुख्य सचिवले।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन अधिकारीलाई चेतावनी दिनुपर्ने हो सो अधिकारी र चेतावनी दिने अधिकारी समान तह वा श्रेणीको भएमा एक तह माथिको अधिकारीले चेतावनी दिनेछ र विभागीय सजाय नहुने पदाधिकारीलाई नियुक्ति गर्ने अधिकारीले स्पष्टीकरण माग गर्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिम दिएको चेतावनीको अभिलेख राख्नु पर्नेछ र त्यसरी चेतावनी पाउने अधिकारी कर्मचारी भएमा त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्ताले त्यस्तो अभिलेखलाई समेत आधार मान्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) दफा २१ को उपदफा (३) मा रहेका "सम्बन्धित मन्त्री" भन्ने शब्दहरुको सट्टा "मुख्य सचिव" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २३ को उपदफा (२) को खण्ड (छ) को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ३७ को,-

(क) दफा शीर्षकमा रहेका "ल्याउन सकिने" भन्ने शब्दहरुको सट्टा "ल्याउने" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (१) मा रहेका "ल्याउन सक्नेछन्" भन्ने शब्दहरुको "ल्याउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

"३७क. **<u>नागरिक एप बनाई प्रयोगमा ल्याउनेः</u>** (१) नेपाल सरकारले कम्प्युटर, मोबाइल फोन, ट्याबलेट वा यस्तै किसिमका अन्य विद्युतीय उपकरण मार्फत नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रवाहमा पहुँच दिन नागरिक एप बनाई प्रयोगमा ल्याउनेछ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीय, प्रदेश वा स्थानीयस्तरका कार्यालयहरुले आफ्नो स्रोत र साधनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्धताको आधारमा कम्प्यूटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता (इन्टरलिङ्क) गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(३) नागरिक एपको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(८) दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छः-

"४५. **दिग्दर्शन बनाउन सक्नेः** मन्त्रालयले काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।"

४. **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधनः** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५क. को उपदफा (१) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १३ को उपदफा (१) मा रहेका "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

५. **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधनः** कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,-

(१) दफा १७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानून बमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी प्रयोजनको लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा १८ बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सकिनेछ।"

(२) दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. **अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेः** विभागले यस ऐन बमोजिम सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **श्रम ऐन, २०७४ मा संशोधनः** श्रम ऐन, २०७४ को दफा १४७ को ठाउँ ठाउँमा रहेका "अन्ठाउन्न वर्ष" भन्ने शब्दहरुको सट्टा "साठी वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

७. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,-

(१) दफा ११ को उपदफा (२) को खण्ड (न) को उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थपिएको छः-

"(११क) एम्बुलेन्स, वारूणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,"

(२) दफा ११६ को सट्टा देहायको दफा ११६ राखिएको छः-

"११६. **कार्यवाहक भई काम गर्नेः** (१) अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरुले आफूहरूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख भई काम गर्नेछ।

(२) वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा निज निलम्बनमा परेमा वडा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ११७ को,-

(क) उपदफा (२) मा रहेका "हानि, नोक्सानी" भन्ने शब्दहरु पछि ", चेक अनादरको जरियाबाट उठेको बैङ्किङ कसूर, आपराधिक विश्वासघात वा आपराधिक लाभ" र सोही उपदफामा रहेका "मनासिब लागेमा" भन्ने शब्दहरु पछि "जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा रहेको भए तापनि" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(२) दफा १२० को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (२) बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(३) दफा १३७ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) र (२) मा लेखिएको व्यक्ति बाहेक अन्य व्यक्तिले शुरु अदालतमा धरौट वा जमानत जम्मा गरेको रहेछ भने त्यस्तो धरौट वा जमानत रकमको पन्ध्र प्रतिशत थप धरौट वा जमानत जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।

तर शुरु अदालतले धरौट वा जमानत नराखेको वा सफाई दिई पुनरावेदन सुन्ने अदालतले कैद गरेकोमा कैद बापतको रकम जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।"

(ख) उपदफा (६) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु र "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन निवेदन दिएमा अदालतले त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा १६७ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) चाँडै नासिने वा बिग्रने सम्पत्ति, चौपाया वा सवारी साधन भए त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने,

तर सवारी साधनको हकमा सवारी धनीले त्यस्तो सवारी साधनको परल मूल्यमा ह्रासकट्टी गरी हुन आएको रकम धरौटी खातामा जम्मा गरेमा त्यस्तो सवारी साधन सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।"

९. **स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः** स्वास्थ्य बीमा ऐन, २०७४ को,-

(१) दफा ९ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) प्रथम सेवा विन्दुको प्रयोजनको लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी बोर्डले सम्झौता गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "प्रथम सेवा विन्दु" भन्नाले बीमितले सर्वप्रथम स्वास्थ्य सेवा लिने गरी रोजेको स्वास्थ्य संस्था सम्झनु पर्छ।"

(२) दफा १८ को खण्ड (घ) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा २१ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) दफा १८ को खण्ड (क) र (ग) बमोजिमको योग्यता पुगेको,"

(४) दफा २५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा दफा २२ को उपदफा (३) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्न मन्त्रालयले मन्त्रालय वा अन्तर्गत बहाल रहेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तहको कर्मचारीलाई खटाउन सक्नेछ।"

१०. **सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकेको क्षेत्रमा तोकिदिएको मितिदेखि लागु हुने गरी राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्न सक्नेछ।"

११. **अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधनः** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**३७. <u>पीडितको मृत्यु भएमा क्षतिपूर्ति पाउने</u>:** यस ऐन बमोजिम क्षतिपूर्ति रकम प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमाले पाउनेछ।"

**१२. <u>निवृत्तभरण कोष ऐन, २०७५ मा संशोधन</u>:** निवृत्तभरण कोष ऐन, २०७५ को दफा ९ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) शिक्षक सेवा,"

**१३. <u>योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधन</u>:** योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड (ख१) थपिएको छः-

"(ख१) "उपकुलपति" भन्नाले दफा २७ बमोजिमको उपकुलपति सम्झनु पर्छ।"

(ख) खण्ड (ङ) झिकिएको छ।

(२) दफा ७ को,-

(क) उपदफा (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) राष्ट्रिय योजना आयोगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षा हेर्ने
सदस्य -सदस्य"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सचिव, नेपाल सरकारको स्वास्थ्यसम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य"

(३) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) र (ञ२) थपिएका छन्:-

"(ञ१) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट विश्वविद्यालय परिषद्बाट मनोनित कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

(ञ२) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट यो खण्ड प्रारम्भ भए पछि पहिलो पटकको हकमा अध्यक्षबाट र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसपछिको हकमा विश्वविद्यालय परिषद्‌बाट मनोनित कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य"

(ख) उपदफा (७) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२) र (ढ) बमोजिमका सदस्यको हकमा मान्यताप्राप्त कुनै विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,"

(ग) उपदफा (१०) मा रहेका "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (११) झिकिएको छ।

(३) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"**७क. <u>विश्वविद्यालय परिषदका मनोनित सदस्य मुक्त हुनेः</u>** (१) देहायको अवस्थामा विश्वविद्यालय परिषद्‌को मनोनीत सदस्य आफ्नो पदबाट पदमुक्त हुनेछः-

(क) निजको दफा ७ को उपदफा (७) बमोजिमको योग्यता नभएमा वा नरहेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निजले पदबाट राजीनामा दिएमा,

(ग) निजको मृत्यु भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तपनि कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा विश्वविद्यालय परिषद्ले त्यस्तो व्यक्तिलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

(४) दफा ९ को उपदफा (१) मा रहेका "प्रत्येक तीन महिनामा कम्तीमा एकपटक" भन्ने शब्दहरुको सट्टा "वर्षमा कम्तीमा एकपटक" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा २९ बमोजिमको प्रकृया पूरा गरी अध्यक्षले उपकुलपति नियुक्त गर्नेछ।"

(६) दफा ३१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) रजिष्ट्रारको नियुक्ति दफा २९ को उपदफा (१) बमोजिमको सिफारिस समितिको सिफारिसमा अध्यक्षबाट हुनेछ।"

(७) लामो नाम, प्रस्तावना, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेका "योगमाया आयुर्वेद विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय" भन्ने शब्दहरु तथा ठाउँ ठाउँमा रहेका "प्रदेश नं. १" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" भन्ने शब्दहरु र "कुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

प्रमाणीकरण मितिः २०८१।०९।२९

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।–**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।